# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, पुस ८ गते २०४४ साल (अतिरिक्ताङ्क ४५


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट पञ्चायत नीति तथा जाँचबुझ समिति नियमावली, २०३८ को नियम ३ अनुसार राष्ट्रिय पञ्चायतका अध्यक्ष श्री नवराज सुवेदीको अध्यक्षतामा २०४३ साल मंसीर १७ गते गठन गरिबक्सेको पञ्चायत नीति तथा जाँचबुझ समितिमा पञ्चायतका वर्गीय संगठनहरूबाट रहेका सदस्यहरूको पदावधि समाप्त भई निर्वाचन नभई रिक्त रहन आएकोमा हाल निर्वाचन सम्पन्न भई सकेकोले मौसूफबाट उक्त नियमावलीको नियम ३ बमोजिम पञ्चायतका वर्गीय संगठनका केन्द्रीय संगठनहरूबाट देहायका व्यक्तिहरूलाई उक्त समितिको सदस्य पदमा तोकिबक्सेको छ :–

१. नेपाल महिला संगठन केन्द्रीय कार्य समितिका सभापति श्रीमती इन्दिरा श्रेष्ठ ।
२. नेपाल किसान संगठन केन्द्रीय कार्य समितिका सभापति श्री नरेन्द्रबहादुर चन्द ।
३. नेपाल युवक संगठन केन्द्रीय कार्य समितिका सभापति श्री चन्द्रबहादुर गुरूङ ।
४. नेपाल प्रौढ संगठन केन्द्रीय कार्य समितिका सभापति श्री विश्वबन्धु थापा ।
५. नेपाल मजदूर संगठन केन्द्रीय कार्य समितिका सभापति श्री हरिनारायण शाही ।
६. नेपाल भूतपूर्व सैनिक संगठन केन्द्रीय कार्य समितिका सभापति श्री श्रीधर शम्शेर ज.ब.रा. ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मौसूफबाट उपर्युक्त सदस्यहरूको पदावधि उक्त नियमावलीको नियम ५ को उप-नियम (१) मा उल्लिखित अन्य सदस्यहरूको बाँकी अवधिसम्मका लागि कायम रहने गरी तोकिबक्सेको छ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

८४४